# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं.:२०८१/०८२
च.न.:

लुम्बिनी प्रदेश, नेपाल

### प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८१/१२/२९

धुर्कोट गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक स्वीकृत संघीय शसर्त अनुदान कार्यक्रम अन्तर्गत तपशिलको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक,कृषक समुह/ कृषि सहकारी, व्यवसायिक कृषि फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८२/०१/१२ गते भित्र आफूले गर्न चाहेको सुन्तलाजात फलफूलको क्षेत्रफल समेत(रोपनीमा) खुल्ने गरी सम्बन्धित वडा कार्यालयमा वा गाउँ कार्यापालिकाको कार्यालयमा निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगी आएका वा म्याद नाघी प्राप्त निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

| क्र.सं | कार्यक्रमको नाम | क्रियाकलाप | अनुदान प्रतिशत र अधिक्तम सिमा | कैफियत |
|---|---|---|---|---|
| १ | सुन्तलाजात फलफूल क्षेत्र विस्तार कार्यक्रम | (क).बगैँचा रेखाङ्कन गर्ने,विरुवा रोप्ने खाडल खन्ने ज्यामी ज्याला ।<br>(ख).विरुवा खरिद<br>(ग).कृषिऔजार/उपकण(सिकेचर,करौती,न्यापस्याक र पावर स्प्रेयर)।<br>(घ). सिंचाई पूर्वधार निर्माण र व्यवस्थापन (सिंचाई पाईप,पोखरी निर्माण (प्लाष्टिक पोखरी समेत) ।<br>(ङ).रोग किरा नियन्त्रण । | प्रदेश तथा स्थानीय तहमा सशर्त हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१ को दफा ५ बमोजिम हुनेछ । | |

**आवस्यक कागजातहरु:**

१.प्रस्तावकको निवेदन अनुसूची-२ बमोजिम ।
२.नागरिकताको प्रतिलिपी - थान १
३. जग्गा धनी दर्ता प्रमाण-पूर्जा वा जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौताको प्रतिलिपि ।
४.उपलब्ध भएसम्म सुन्तला बगैँचा स्थापना गर्ने क्षेत्रको रङ्गीन फोटो - थान १
५. फर्म/समुह/सहकारीको हकमा नविकरण गरेको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६.कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि ।
७. समुह/सहकारी र समितिको हकमा कार्यक्रम माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. वडा कार्यालय र वडा कृषि प्राविधिकको सिफारीस ।
९.प्रतिवद्धता पत्र ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत



ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(परिच्छेद-२ को दफा ७ (२) सँग सम्बन्धित।

## विषयः अनुदान उपलब्ध गराइदिनुहुन।

मितिः

श्रीमान्.......................................

..................................कार्यालय
..................................,गुल्मी

महोदय,

तहाँ कार्यालयबाट मिति....................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको कार्यकमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक वस्तुगत लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

तपशिलः
अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह प्रदेशः
वडा नः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
गर्न चाहेको जग्गाको क्षेत्रफलः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सचालन गरिने कार्यक्रमः
कार्यकम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम संचालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवेदक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म उद्यमी कृषक नाम
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थर
सम्पर्क फोन नं
मितिः
संस्थाको छापः